## मिति २०७८।०४।२५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १८।०७८

१. गण्डकी प्रदेश अन्तर्गत मन्त्रालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको दरवन्दी स्वीकृत गर्ने।

२. मुकुन्दपुर-अहाले-रतनपुर-कोटथर-डाँडाझेरी हुँदै वुलिङ्गटार सडक राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका लागि नेपाल सरकारमा अनुरोध गर्ने।

३. कोभिड-१९ कोषबाट खर्च व्यहोर्ने गरी अस्थायी दरवन्दीमा करार म्याद थप गर्ने।

४. प्रदेश खेलकुद परिषद्को उपाध्यक्ष पदमा पोखरा महानगरपालिका वडा नं. १५ बस्ने धोज कुमार गुरुङ मनोनयन गर्ने।

## मिति २०७८।०४।३२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. १९।०७८**

१. मन्त्रिपरिषद् सदस्यको आचार संहिता, २०७८ स्वीकृत गर्ने।

२. गण्डकी प्रदेश प्रशिक्षण परिषद्को सदस्य नियुक्ति सम्बन्धी मापदण्ड स्वीकृत गर्ने।

३. सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने।

## मिति २०७८।०५।०७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २०।०७८

१. कालिगण्डकी सडक पुल लेते कुञ्जो मुस्ताङको भेरियसन आदेश स्वीकृत गर्ने।

२. प्रदेश शिक्षा नीति, २०७८ स्वीकृत गर्ने ।

३. प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यहरुको आ.व. २०७७/०७८ को सम्पत्ति विवरण सार्वजनिक गर्ने।